नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

## कार्यक्रम समन्वय इकाई

प. सं.:- ०७२/०७३
च. नं.:- १५०

सिंहदरवार, काठमाण्डौ ।

मिति: २०७२।०९।१६

श्री मिति २०७१ बैशाख २५ मा घोषणा भएका ७२ नगरपालिकाहरु (सवै)

**विषय: परिपत्र**

यस स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट तहाँ नगरपालिका अन्तर्गत रहि पुर्वाधारजन्य योजना तथा कार्यक्रमहरुमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने गरी ईन्जिनियरहरु खटाइएको छ । यसरी खटिएका ईन्जिनियरहरुलाई तोकिए वमोजिमको पारिश्रमिक दिने गरी यस कार्यक्रमबाट आवश्यक बजेटको व्यवस्था गरिएको छ । यस कार्यक्रमका लागि तोकिएका लेखा अधिकृतको समयमा व्यवस्था हुन नसक्नु लगाएतका अन्य प्राविधिक कारणले गर्दा तहाँ नगरपालिकाहरुलाई सो अनुसारको अख्तियारी पठाउनमा केही ढिला हुन गएको छ । तसर्थ तहाँ नगरपालिका अर्न्तगत रही कार्य गर्दै आएको इन्जिनियरलाई निजको कार्य सम्पादनलाई आधार मानी नियमानुसार करार म्याद थप गर्न आदेशानुसार अनुरोध छ । साथै उक्त ईन्जिनियरहरुको तलवसगँ सम्वन्धित बजेट अख्तियारी यथाशिघ्र सम्वन्धित नगरपालिकाहरुमा पठाइने तथा उक्त अख्तियारी प्राप्त नहुँदा सम्म तहाँ नगरपालिकाको जुनसुकै स्रोतबाट निजहरुको पारिश्रमिक भुक्तानी गर्न सकिने र सो को हिसाव मिलान/सोधभर्ना LGCDP कार्यक्रमबाट प्राप्त बजेटबाट गर्ने गरी व्यवस्था गर्न बाधा नपर्ने व्यहोरा समेत अनुरोध छ ।

०९।१६

रमेश शर्मा
प्रशासकीय अधिकृत

Desktop\desktop\ranju\mld.doc

फोन नं.: ४२००२८२, ४२००३३३, ४२००३३४, फ्याक्स नं.: ९७७-०१-४२००३२६, ईमेल: lgcdp@wlink.com.np, वेब पेज: www.lgcdp.gov.np